आज मिति २०७६।१२।२७ गते विहिबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | [signature] |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | [signature] |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | [signature] |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | [signature] |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | [signature] |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | [signature] |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | [signature] |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | [signature] |
| ९ | श्री युवराज उप्रती | वडा अध्यक्ष वडा नं. ७ | [signature] |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | [signature] |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | [signature] |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | [signature] |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | [signature] |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | राजदेव ठाकुर |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | जहरी |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

Scanned by TapScanner

**मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु**

मिति २०७६।१२।२७

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट उपभोग्य खाद्यान्न जुटाउन असमर्थ दैनिक हातमुख जोड्ने समस्याले ग्रसित, दैनिक ज्यालादारी गर्ने मजदुर, गरिब तथा आर्थिक रुपमा विपन्न किसान, असंगठित क्षेत्रमा कार्यरत श्रमिकलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट आवश्यक खाद्यान्न, राहत वा अनुदान उपलब्ध गराउने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने सम्वन्धमा ।

प्रस्ताव नं.२) यस नगरपालिकाको नगर प्रमुखज्यूको सचिवालयको लागि पत्र पत्रिका, अतिथि सत्कार वापत आघिल्लो आ.व.२०७५।०७६ मा खर्च भइ भुक्तानी हुन बांकी रकम यस आ.व.मा भुक्तानी गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.३) यस नगरपालिकाको वडा नं.५ निवासी जलधारी महतोको नाती अमिद लाल महतोको छोरा भोला महतोलाई औधषी उपचार सहयोग गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट उपभोग्य खाद्यान्न जुटाउन असमर्थ दैनिक हातमुख जोड्ने समस्याले ग्रसित, दैनिक ज्यालादारी गर्ने मजदुर, गरिब तथा आर्थिक रुपमा विपन्न किसान, असंगठित क्षेत्रमा कार्यरत श्रमिकलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट आवश्यक खाद्यान्न, राहत वा अनुदान उपलब्ध गराउने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन अर्को व्यवस्था नभएसम्मको लागि देहाय बमोजिम गर्ने निर्णय पारित गरियो ।

१) संघिय सरकार तथा स्थानिय आर्थिक स्रोतबाट राहत वितरण गर्दा नेपाल सरकारबाट जारी भएको "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६" (नमूना मापदण्ड) मा उल्लेख गरिएका व्यवस्थाहरुमा प्रतिकुल असर नपर्ने गरी यस न.पा.को कार्यापालिका बैठकबाट आवश्यकता अनुसार पारित भएका निर्णयहरु बमोजिम गर्ने/गराउने ।

२) यस ना.पा. कार्यापालिकाको मिति २०७६।१२।२० को बैठकमा राहत वितरण गर्नुपर्ने अनुमानित परिवार संख्या करिब २००० (दुई हजार) भएकोमा हाल सबै ११ वटा वडाहरुबाट अनुमानित ३१०० सय परिवारको नामावली थप गर्नुपर्ने माग भएको हुंदा राहत सामाग्री उपलब्ध गराउनु पर्ने परिवार संख्या जम्मा ५१०० (पांच हजार एक सय) पुगेकोले थप भएको ३१०० परिवारलाई समेत लगत विवरण भए पश्चात तोकिएको राहत सामाग्री वितरण गर्ने निर्णय गरियो ।

३) यस न.पा.भित्र राहत वितरण गर्नुपर्ने थप परिवार संख्या ३१०० (तीन हजार एक सय) रहेको हुंदा साविक तोकिए बमोजिम प्रत्येक परिवारको लागि चामल १५ के.जि., दाल २ के.जि., तेल आधा लिटर र नून १ के.जि. का दरले राहत उपलब्ध गराउन आवश्यक सामाग्री यस न.पाको विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी नियमानुसार खरिद गरि वितरण गर्ने/गराउने ।

२०७६/१२/२६

Scanned by TapScanner

आवश्यक सामाग्रीहरुको विवरण

| राहत सामाग्री | प्रति परिवार वितरण परिमाण | ३१०० परिवारको लागि जम्मा आवश्यक परिमाण | अनुमानित जम्मा लागत रकम | कैफियत |
|---|---|---|---|---|
| चामल (मन्सुली) | १५ के.जी. | ४६५ क्वीन्टल | रु.४४।- प्रति के.जी.का दरले जम्मा रु.२०,४६,०००।- | |
| दाल (मुसुरो) | २ के.जि. | ६२ क्वीन्टल | रु.१२० प्रति के.जी.कादरले जम्मा रु.७,४४,०००।- | |
| तेल (तोरी) | आधा लिटर | १५५० लिटर | रु.१७० प्रति लिटका दरले जम्मा रु.२,६३,५००।- | |
| नून (आयोनुन) | १ के.जी. | ३१०० के.जि. | रु.२० प्रति के.जी.का दरले जम्मा रु.६२,०००।- | |
| **जम्मा** | | | **रु.३१,१५,०००।-** | |

४) हाल स्वास्थ्य सम्बन्धी महामारी फैलिन सक्ने अवस्था भएको हुंदा जनहितका लागि विषेश परिस्थितिमा राहतका लागि खाद्यान्न खरिद तथा वितरण गर्नुपर्ने भएकोले सार्जजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा घ(३) र दफा ६६ मा व्यवस्था भए बमोजिम विशेष परिस्थितमा उल्लेखित राहत सामाग्री खरिद गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा यस नगरपालिकाको नगर प्रमुखज्यूको सचिवालयको लागि पत्र पत्रिका, अतिथि सत्कार वापत आघिल्लो आ.व.२०७५।०७६ मा खर्च भई भुक्तानी हुन बांकी भएको रकम नियमानुसार हुने गरी यस आ.व.मा भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा यस नगरपालिकाको वडा नं.५ निवासी जलधारी महतोको नाती अमिद लाल महतोको छोरा भोला महतोको दांया हाथको पाखुराको हाड र नसामा समस्या आई हाथ काम नगर्ने र निज विपन्न वर्गको भएकोले उपचार गर्नका लागि आर्थिक सहयोग गरिदिन वडा नं. ५ को कार्यालयबाट सिफारिस गरि पठाइएकोमा निजलाई औषधी उपचार गर्न आर्थिक सहयोग वापत रु.१०,०००।- (दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

२०७६।१२।२६

Scanned by TapScanner